महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०८०/८१

नार्पा भूमि गाउँपालिका, मनाङ

८०४४०५०२३००

नार्पा भूमि गाउँपालिका , मनाङ



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-७-७

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
नार्पा भूमि गाउँपालिका, मनाङ ,
नार्पा भूमि गाउँपालिका , मनाङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१/०६/०१ मा छलफल पश्चात् तयार गरिएको पाना-३० (तीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत । कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

विष्णु प्रसाद पौडयाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मनाङ, manang.dtco@fcgo.gov.np


https://nams.oag.gov.np

# परिचय

१ **परिचय:**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, ८३७.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१४ देखि २०८१ ।०६।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. २६८५४०२०८/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न गरिएको छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न गरिएको छ ।

२ **आय व्यय विवरण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७० ) निम्न बमोजिम रहेको छ :

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८०/०८१ | | | | | | | |
| (२०८०/ ०४/ ०१ देखि २०८१/ ०३/ ३१ सम्म) | | | | | | | |
| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ३७२७४२३०.९४ | ०.०० | ३७२७४२३०.९४ | ३४५१८३९८.२८ | ०.०० | ३४५१८३९८.२८ |
| १३००० | अनुदान | ९७३२३९७५.६४ | ०.०० | ९७३२३९७५.६४ | ११४६८७०४८.४९ | ०.०० | ११४६८७०४८.४९ |
| १४००० | अन्य राजस्व | २७६००६६.९५ | ०.०० | २७६००६६.९५ | ०.०० | ०.०० | ०.०० |
| १५००० | विविध प्राप्ति | २८२३८८.०० | ०.०० | २८२३८८.०० | ०.०० | ०.०० | ०.०० |
| (क) | कुल जम्मा प्राप्ति | १३७६४०६६१.५३ | ०.०० | १३७६४०६६१.५३ | १४९२०५४४६.७७ | ०.०० | १४९२०५४४६.७७ |
| | **खर्च तथा भुक्तानी** | | | | | | |
| | **चालु** | **४८९६९०७६.७६** | **०.००** | **४८९६९०७६.७६** | **५३०४६३५४.३४** | **०.००** | **५३०४६३५४.३४** |
| २१००० | पारिश्रमिक / सुविधा | २५७४८१०५.७६ | ०.०० | २५७४८१०५.७६ | २६१५११३८.५४ | ०.०० | २६१५११३८.५४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २०१७६१३२.०० | ०.०० | २०१७६१३२.०० | २४६०४९१५.८० | ०.०० | २४६०४९१५.८० |
| २७००० | सामाजिक सुरक्षा | ७५३७४०.०० | ०.०० | ७५३७४०.०० | ०.०० | ०.०० | ०.०० |
| २८००० | अन्य खर्च | २२९१०९९.०० | ०.०० | २२९१०९९.०० | २२९०३००.०० | ०.०० | २२९०३००.०० |
| | **पूँजीगत** | **७०९६२४७७.००** | **०.००** | **७०९६२४७७.००** | **८१५७५४४८.५६** | **०.००** | **८१५७५४४८.५६** |
| ३१११० | भवन तथा संरचना | १२२९१२३७.०० | ०.०० | १२२९१२३७.०० | ११७२७३५०.०० | ०.०० | ११७२७३५०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार ,<br>फर्निचर्स तथा फिक्चर्स | १९७७०४०.०० | ०.०० | १९७७०४०.०० | २३१७७१०.०० | ०.०० | २३१७७१०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २८५०८५०.०० | ०.०० | २८५०८५०.०० | १९१४१७६.०० | ०.०० | १९१४१७६.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४२४४२९०९.०० | ०.०० | ४२४४२९०९.०० | ६४३९१७५७.५६ | ०.०० | ६४३९१७५७.५६ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ४९६८१२९.०० | ०.०० | ४९६८१२९.०० | ०.०० | ०.०० | ०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ६३८३६०३.०० | ०.०० | ६३८३६०३.०० | १२२४४५५.०० | ०.०० | १२२४४५५.०० |
| ३१४१० | जग्गा प्राप्ति खर्च | ४८७०९.०० | ०.०० | ४८७०९.०० | ०.०० | ०.०० | ०.०० |
| **(ख)** | **कुल जम्मा भुक्तानी** | **११९९३१५५३.७६** | ०.०० | **११९९३१५५३.७६** | **१३४६२१८०२.९०** | ०.०० | **१३४६२१८०२.९०** |
| (ग) | बचत /कमी (ग = क-ख ) | १७७०९१०७.७७ | ०.०० | १७७०९१०७.७७ | १४५८३६४३.८७ | ०.०० | १४५८३६४३.८७ |
| (घ) | धरौटी, आकस्मिक कोष लगायतका<br>अन्य कोषको मौज्दातको थप/घट (+/-) | -५४५५३९.५० | ०.०० | -५४५५३९.५० | १८२०७०४.५० | ०.०० | १८२०७०४.५० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ०.०० | ०.०० | ०.०० | -५८८.०० | ०.०० | -५८८.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १७१६३५६८.२७ | ०.०० | १७१६३५६८.२७ | १६४०४३४८.३७ | ०.०० | १६४०४३४८.३७ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १०८७५३६७६.२० | ०.०० | १०८७५३६७६.२० | ९२३४९३२७.८३ | ०.०० | ९२३४९३२७.८३ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **(ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **१२५९१७२४४.४७** | **०.००** | **१२५९१७२४४.४७** | **१०८७५३६७६.२०** | **०.००** | **१०८७५३६७६.२०** |

४ **बित्तीय बिवरणमा समावेश नभएको कारोवारः**

गाउँपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षक निम्न रहेको छ :

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | | ४६१४६९६ |
| | **जम्मा** | | **४६१४६९६** |

५ **वित्तीय विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• प्राप्त वितीय विवरणको म.ले.प.फा.नं. २७० टिप्पणी ५ मा देखाएको बैंक तथा नगद बाँकी रु.१२५९१७२४४।४७ मध्ये सञ्चित कोष खातामा रु.११७६८७९४७।४२ र २ वटा कोष खातामा रु.८२२९२९७।०५ मौज्दात रहेको छ ।

• नेप्सासमा आधारित ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान हुँदैन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार रहेका छन्:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २९ जनाको दरबन्दी मध्ये १८ जनाको पदपुर्ती भई ११ दरबन्दी रिक्त रहेको पाईयो ।स्वास्थ तर्फ १२ जनाको दरवन्दी रहेकोमा ४ जना पदपुर्ती भई ८ जना रिक्त रहेको विवरण पेश भएको छ । रिक्त पदमध्ये स्वास्थ्य सेवामा समेत ४ जना करारबाट पदपुर्ती गरेको देखियो ।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको अभिलेख राख्नुपर्नेमा सो को अभिलेख राखेको पाईएन ।

· स्थानिय सरकार संचालन ऐन , द्वण्ठद्ध को दफा ७८ बमोजीम स्थानिय तह बाट संचालित योजना तथा कार्यक्रमहरुलाई प्रभाबकारी , दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्नेमा गा.पा. बाट संचालित कार्यक्रमा सार्वजनिक परीक्षण गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५.२ **सार्वजनिक जग्गाको उपयोगः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

**योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् :

| क्र. सं. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ० | ० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ८ | १८२० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | १० | ५४०० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २१ | १६७०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ९ | १८६०० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ९ | ३३०३९ |
| | जम्मा | ५७ | ७५५५९ |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजना सञ्चालनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **वित्तीय विवरण परीक्षणः**

७.१ **कार्यक्रम तथा प्रगतिः** सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वियनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट दोहोरो भएकोले योजना कार्यान्वियन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार रहेका छन् :

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजन |
|---|---|---|
| १ | नागढुङ्गा सडक निर्माण | ३५००००० |
| २ | ढल्के भिर सडक निर्माण | ३५००००० |
| ३ | साम्डु छेलीमा गुम्बाको पर्खाल ढलान तथा गेट निर्माण | १०००००० |
| ४ | पावर हाउसमा २ केठे हट सावर निर्माण | ८००००० |
| ५ | नार स्वास्थ्य चौकीको आगन छपनी निर्माण | ३००००० |
| ६ | छहरेखोला देखि मेतासम्म बाटो निर्माण | २७००००० |
| | जम्मा | ११८००००० |

पालिकाको भौगोलिक अवस्थिति सुहाउँदो कार्यक्रमहरू निर्धारण गरेर कार्यकम तथा बजेट व्यवस्था गरी लक्षित उदेश्य प्राप्त हुने तथा कार्यक्रमहरु दोहोरो नपर्ने गरी बजेट व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.२ **प्रगति विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित ५४ योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माण गरिएका ३ समेत कुल ५७ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.३ **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिए अनुसार विपद व्यवस्थापन सम्बन्धी कतिपय व्यहोराहरु पुरा गरेको देखिएन । अत: पालिकाले ऐनको व्यवस्था अनुसार विपद ब्यबस्थापन सम्बन्धि कार्यहरु गर्न गराउन पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.४ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रमः**

८.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मेङमर फुन्चो लामाले मिति २०७९।३।११ गते रु.२१ करोड ५९ लाख ३१ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३। ११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.२ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

रु हजारमा)

| **कुलबजेट** | **चालु बजेटरु.** | **प्रतिशत** | **पूँजीगत बजेटरु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| २१५९३१ | ८७०३० | ४०.३० | १२८९०१ | ५९.७० |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. २१ करोड ५९ लाख ३१ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ८ करोड ७० लाख ३० हजार अर्थात ४०.३० प्रतिशत र पूँजीगत तर्फ रु. १२ करोड ८९ लाख ०१ अर्थात ५९.७० प्रतिशत बजेट विनियोजन भएको छ ।

सैद्धान्तिक बेरुजु

८.३ बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ७०.३० प्रतिशत र आषाढमा मात्र ७०.१५ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने

देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १५२०८ | १५०० | ० | ० | १३७०८ | १३७०८ |
| २ | प्रदेश पूँजीगत | २५१४ | ० | ० | ० | २५१४ | २५१४ |
| ३ | गाउँपालिका पूँजीगत | ६९४५९ | ६६३४ | ९६५ | ५७२ | ४५०६६ | ४४९३५ |
| | कूल खर्च | ८७१८१ | ९०९९ | ९६५ | ५७२ | ६१२८८ | ६११५७ |
| | खर्च प्रतिशत | १०० | १०.४४ | १.११ | ०.६६ | ७०.३० | ७०.१५ |

सैद्धान्तिक बेरुजु

८.५ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आयव्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २७ मा सञ्चित मोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित सभावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विपत कोष शीर्षकमा रु. १५,००,०००।०० बजेट अबण्डा राखी गाउँ पालिका प्रमुखको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ:

| **क्र.सं.** | **अवण्डा बजेट रकम** | **संचालित योजना संख्या** | **खर्च रकम** |
|---|---|---|---|
| १ | १५००००० | १ | ८०४००० |

बजेट अवण्डा राखी गाउँ सभाबाट स्वीकृत नभएको योजनामा कार्यपालिका तथा गाउँपालिका प्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

| क्र.सं. | बजेट कार्यान्वयनका क्षेत्रहरु | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५८२५ | २३७५ | १.९८ |
| २ | सामाजिक विकास | ४६८०७ | १४१७५ | ११.८२ |
| ३ | पूर्वाधार विकास | ८३८५० | ६०५३५ | ५०.४८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९०० | २२९ | ०.१९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७८५४९ | ४२६१५ | ३५.५३ |
| | जम्मा | २१५९३१ | ११९९२९ | |

**मौज्दात रकमः** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.१,९९,३१,५५३।७६ खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. १२,६३,९९,५८९।४७ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न उक्त रकम विकास निर्माणमा लगानी गरि प्रतिफल लिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.७ **बजेट तथा पूँजीगत खर्चः** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १२८९०१ | ७०९६२ | ५५.०५ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. १२ करोड ८९ लाख १ हजार विनियोजन गरेकोमा रु. ७ करोड ९ लाख ६२ हजार खर्च गरेको छ जुन ५५.०५ प्रतिशत मात्र हुन आउँछ । पालिकाले प्रगती हाँसिल हुनेगरी पुँजीगत खर्चको लक्ष्य निर्धारण गर्नुपर्दछ भने लक्ष्य अनुरुप प्रगती हाँसिल गर्ने तर्फ पहल गर्नु पर्दछ ।

**बजेट तथा चालु खर्चः** - पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| | | | | (रकम रु हजारमा ) |
|---|---|---|---|---|
| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
| १ | २०८०/०८१ | ८७०३० | ४८९६९ | ५६.२६ |

पालिकाले यस वर्ष चालु तर्फ रु. ८ करोड ७० लाख ३० हजार विनियोजन गरेकोमा रु. ४ करोड ८९ लाख ६९ हजार खर्च गरेको छ जुन ५६.२६ प्रतिशत हुन आउँछ । पालिकाले प्रगती हाँसिल हुनेगरी पुँजीगत खर्चको लक्ष्य निर्धारण गर्नुपर्दछ भने लक्ष्य अनुरुप प्रगती हाँसिल गर्ने तर्फ पहल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **मन्दिर गुम्बा र चर्च निर्माणः**

पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ । पालिकाले निर्माण गरेका गुम्बा तथा छोर्तेन समुदायमा हस्तान्तरण नगरेको कारण मर्मत संभार लगायतका कार्यमा पालिकामा दायित्व बढ्ने देखिन्छ । अतः निर्माण भएका संरचना समुदायलाई हस्तान्तरण गरी मर्मत संभार लगायतका कार्यमा उपभोक्ता सहभागी हुने बातावरण सृजना गर्नुपर्दछ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७८।०७९ सम्मको संख्या | २०८०/०८१ मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| १. | गुम्बा | ८ | १ | ९ | १८९६१२९ |
| २. | छोर्तेन | - | १ | १ | ६७२००० |
| | जम्मा | ८ | २ | १० | २५६८१२९ |

सैद्धान्तिक बेरुजु

१० **कानून निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ७ वटा नियमावली र १९ कार्यविधि निर्देशिका लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १५ |
| २. | नियमावली | ७ |
| ३. | कार्यविधि तथा निर्देशिका | १९ |
| | जम्मा | ४१ |

सैद्धान्तिक बेरुजु

११ **सेवा प्रवाहः**

११.१ **सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न बमोजिम ३७ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ:

| सेवाको विवरण | सेवा प्रदान गरेको संख्या |
|---|---|
| जन्मदर्ता | १९ |
| मृत्यु दर्ता | ७ |
| बसाईसराई दर्ता | ७ |
| विवाह दर्ता | २ |
| सम्बन्ध विच्छेद दर्ता | २ |
| जम्मा | ३७ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाहको अवस्था विश्लेषण गर्दा एक वर्ष भरिमा के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले सेवा प्राप्त गर्न सकेनन् र सेवा प्राप्त हुन नसक्नुको कारण समेतका सम्बन्धमा व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाईलाई प्रभावकारी बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सकेमा सेवा प्रवाह थप प्रभावकारी हुने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११.२ कर्मचारी ब्यवस्थापन सम्बन्धमा देखिएका मूख्य व्यहोराहरु देहाए बमोजिम रहेका छन्:

**दरबन्दी र पदपूर्तीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

| क्र.सं. | स्वीकृतपद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | प्र.प्र.अ. | १ | १ | ० | ० | ० |
| २ | ७/८ औं | ४ | ० | ० | ० | ४ |
| ४ | ६ औं | ३ | ० | ० | ० | ३ |
| ५ | ५ औं | १९ | ६ | १ | ० | १२ |
| ६ | ४ औं | १८ | १० | ४ | ० | ४ |
| जम्मा | | ४५ | १७ | ५ | ० | २३ |

पालिकाको २०८०।०८१ को बर्षिक प्रतिवेदनमा उल्लेख भएअनुसार ४५ जना कर्मचारीको दरवन्दी रहेकोमा १७ जना पदपुर्ती भई ५ जना करारमा पदपुर्ती गरी २३ जनाको पद रिक्त रहेकोले सेवा प्रवाहमा असर परेको देखियो । पालिकाले समयमै दरबन्दी अनुसार पदपूर्तीको व्यवस्था गरेर सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

**रिक्त पदको सूचनाः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी २८ जना रहेकोमा देहाय बमोजिम १७ जना स्थायी, ५ जना करारमा कार्यरत रही २३ पद रिक्त रहेका छन् । पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको जनाएकोमा पद पुर्ती नहुँदा सेवा प्रवाहमा असर परेको देखियो । अत: पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयसँग समन्वय गरी रिक्त पद पूर्तीको लागी पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.३ **तलबी प्रतिवेदनः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ४५ जना स्थायी कर्मचारीलाई तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/०८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: पालिकाले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता शिर्षकमा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ संगठन तथा कर्मचारी व्यवस्थापनः

१२.१ **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिएन । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको समेत पाईएन । निवृत्तीभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सो रकममा नेपाल सरकारको तर्फबाट शत प्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भएकोमा पालिकाले रकम कट्टा गरी दाखिला गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१२.२


https://nams.oag.gov.np

**वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदमा कम्प्यूटर अपरेटर बाट सचिवको पदपूर्ति गरी कार्य गरेको देखियो । यसरी तोकिएको सेवा भन्दा अन्य सेवाका कर्मचारीबाट कार्य गराउँदा सेवाको विशिष्टिकरण नहुने हुँदा सेवा प्रवाह प्रभावकारी नहुने देखिन्छ । अत: यस पालिकाले समयमै रिक्त दरबन्दी पूर्ति गरेर सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | २ | ३ |

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र, अधिकार क्षेत्रको प्रयोग तथा न्याय सम्पादन प्रक्रिया लगायतको ब्यवस्था गरी समितिमा परेको उजुरीको फछ्र्योट वा कारवाही किनारा गरी टुङ्गो लगाउनु पर्ने ब्यवस्था छ । यस पालिकामा यस वर्ष कुनै पनि उजुरी नपरेको र एकपटक पनि न्यायिक समितिको बैठक बसेको देखिदैन । तसर्थ पालिकाले न्यायिक समितिको भुमिकालाई सक्रीय बनाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१४ **सामाजिक सुरक्षा तर्फः**

१४.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. ४६१४६९६।- वितरण गरेको छ । गाउँपालिकाका सबै वडाहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण भएको अबस्था देहाय अनुसार रहेको छ।

| साभग्राही समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक वितरण संख्या | बार्षिक भत्ता वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | ७२ | ८५०६४० | ७२ | ८६४००० | ७३ | ८७२००० | ७४ | ८८५३२० | २९१ | ३४७१९६० |
| जेष्ठ नागरिक एकल महिला | १८ | १४३६४० | १८ | १४३६४० | १८ | १४३६४० | १७ | १३५६६० | ७१ | ५६६५८० |
| विधवा | ७ | ५५८६० | ८ | ६३८४० | ८ | ६३८४० | ८ | ६३८४० | ३१ | २४७३८० |
| पूर्ण अपाङ्गता भत्ता | १ | ११९७० | १ | ११९७० | १ | ११९७० | १ | ११९७० | ४ | ४७८८० |
| अति अशक्त अपाङ्गता भत्ता | ११ | ७०२२४ | ११ | ७०२२४ | ११ | ७०२२४ | ११ | ७०२२४ | ४४ | २८०८९६ |
| जम्मा | १०९ | ११३२३३४ | ११० | ११५३६७४ | १११ | ११६१६७४ | १११ | ११६७०१४ | ४४१ | ४६१४६९६ |

सैद्धान्तिक बेरुजु

१४.२ **निष्कृय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **उपभोक्ता समिति मार्फत खरिदः**

१५.१ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण:** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

| **उपभोक्ता समितीको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| वडा भान्सा फिनिसिङ एवं मर्मत उपभोक्ता समिति | वडा भान्सा फिनिसिङ एवं मर्मत कार्य | ४७८३९८ |

सैद्धान्तिक बेरुजु

१५.२ **हेभी इक्विपमेण्टको प्रयोगः** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनका प्रकृया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत : उक्त नियमावलीको व्यवस्था अनुसार कार्य गराउनुपर्दछ ।

| क्रम संख्या | कामको विवरण | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | Blasting, Mannual cutting wooden Beam & Bridge | नाग्मे पर्यटन बाटो ब्लाष्टिङ उपभोक्ता समिति | ७५७३७० |
| २ | Blasting, Dry masonry & Boulder Stone Moving | स्याउवारी भिर सडक निर्माण उपभोक्ता समिति | २४००१७८ |
| | | जम्मा | ३१५७५४८ |

सैद्धान्तिक बेरुजु

१६ **ढुवानी खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (४) मा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ अनुसारको दररेट निर्धारण समितले निर्धारण गरेको दर रेटलाई आधार मानेर ढुवानीको लागत अनुमान तयार गरी सोलाई आधार मानेर सार्बजनिक खरीद कानूनले तोकेको प्रक्रिया अपनाई प्रतिस्पर्धाबाट ढुवानी गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकामा सडक सुविधाको पहुँच नभएको हुँदा मनाङ्ग जिल्लाको चामे र जिल्लाका अन्य स्थानबाट यस नार्पाभूमि गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालयहरुसम्म कार्यालयलय सम्बन्धि विभिन्न मालसामानहरु खच्चड तथा भरियाबाट ओसार पसार गर्नुपर्ने अबस्था रहेको देखियो । यो वर्ष कार्यालयले भरियाबाट मालबस्तु ढुवानी गरेका उदाहरणहरु देहाय अनुसार रहेका छन् :

| गो. भौ . नं / मिति | ढुवानी सामान | ढुवानी गर्ने स्थान | ढुवानीको अवधि | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २८/२०८०/६/२८ | सोलार र मसलन्द सामाग्री | कोतोदेखि च्याँखुसम्म | विभिन्न समय | ६६००० | ५९४०० |
| २८/२०८०/६/२८ | सोलार र मसलन्द सामाग्री | मनाङ देखि मेता सम्म | विभिन्न समय | ९९००० | ८९१०० |
| १५९/२०८०/१२/१५ | औषधि | कोतो देखि च्याखु, नार , फू | २०८०/०८/०४ - २०८०/०८/१६ | ६३००० | ५६७०० |
| ७९/ २०८१ / ०३ / २० - पुँजिगत | औषधि | कोतो देखि च्याखु, नार , फू | २०८१/०१/३१ - २०८१/०२/०६ | १०३००० | ९२७०० |
| २६४-८१/०३/०९ | कार्यालय सामान | कोतो देखि फु सम्म | २०८१/०१/२५ - २०८१/०२/३० | १४२४५० | १४२४५० |
| ,, | ,, | कोतो देखि नार सम्म | २०८१/०१/२५ - २०८१/०२/१० | ४६७५० | ४६७५० |
| ,, | ,, | मनाङ देखि च्याखु सम्म | २०८१/०१/२५ - २०८१/०२/३० | १९८००० | १९८००० |

भरियाबाट माल सामान ढुवानी गर्दा कति परिमाणको मालसामान कति दुरी सम्म ढुवानी गर्न कति भाडा लाग्ने भनि स्पष्ट दर रेट नखुलाई मालबस्तुको भारी मात्र खुलाएर एकमुष्ट रकमको भरियासँग ढुवानी सम्झौता गरि ढुवानी खर्च भुक्तानी गर्ने गरेको पाईयो । यसरी मालबस्तुको परिमाण र दर रेट नखुलाई ढुवानी खर्च लेख्नाले के कति परिमाणको मालसमान ढुवानी गर्न के कति रकम आवश्यकता पर्छ भनि बजेट रकम एकिन गर्न सकिंदैन भने मालसामान ढुवानीमा तोकिएको दर भन्दा बढी खर्च लेखिने सम्भाबना समेत रहन्छ । जसले गर्दा ढुवानी कार्य मित्तव्ययी नभई सार्वजनिक सेवा प्रवाहको लागत बृद्धि हुन जाने देखिन्छ । अत : कार्यालयले भरियाबाट मालसामान ओसारपसार गर्दा स्पष्ट रुपमा मालसामानको परिमाण, दुरी र दर खुलाएर मित्तव्ययी हुनेगरी ढुवानी खर्च लेख्न मापदणड तयार गरी लागु गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **अनुगमन मुल्याङ्कन तथा विविध खर्चः**

१७.१ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु.१७७५८६७।०० खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमण खर्चको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । अत: पालिकाले यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१७.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाजा तथा विविध कार्यक्रम तर्फ मात्र रु.१११०५७०।- खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चलाई न्यूनिकरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **स्वास्थ्य तर्फः**

१८.१ **सेवा प्रवाहको अबस्था:** यस पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी, पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ:

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रकम |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी | १.नार स्वास्थ्य चौकी | ३ | ३ | २१६ | १०७०००० |
| | २.फु स्वास्थ्य चौकी | २ | २ | १८० | |

उक्त विवरण अनुसार पालिकामा जम्मा २ स्वास्थ्य चौकीमा कुल ५ दरबन्दी रहेकोमा हाल ३ पद स्थायी र २ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.२ यस आवमा पालिकाले आवश्यक औषधी खरिद गरेकोमा निम्न ब्यहोरा देखियोः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधीमूल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको देखिन्छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१९ **शिक्षा तर्फः**

१९.१ **प्रति विद्यार्थी लागतः** – पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ:

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ९१००००० | ४३६२८०७ | १६ | २७२६७५ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२७२६७५/- रहेको छ ।

सैद्धान्तिक बेरुजु

१९.२ **विद्यालय र विधार्थी संख्याः** - पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २ | १६ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १६ रहेकोमा शत प्रतिशत विधार्थी सामुदायिक विद्यालयमा अध्ययनरत रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९.३ **विद्यालय शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याः** विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ । विद्यार्थी संख्या घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गरी पालिकाको आर्थिक व्यय भार कम गर्नुपर्दछ । यस पालिका अन्तर्गतका विद्यालयहरु र सो विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या देहाय अनुसार रहेको छ:

| सि.नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | कार्यरत शिक्षक |
|---|---|---|---|---|
| १ | नार आधारभुत विद्यालय | १ देखि ५ सम्म | १० | २ जना प्रावि स्थायी<br>१ जना बालबिकाश<br>३ जना मन्टेश्वरी |
| २ | फु आधारभुत विद्यालय | १ देखि ५ सम्म | ६ | २ जना प्रावि<br>१ जना अस्थायी<br>२ जना बालबिकश |

सैद्धान्तिक बेरुजु

२० **विद्यालय भन्दा फरक स्थानको विद्यार्थीको खर्च:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष हिउँदको समायमा जाडोका कारण यस पालिकाको वडा नम्बर १ नारमा सञ्चालित आधाभुत विद्यालयका ११ जना विद्यार्थीहरु Little Climbers English School Pvt. Ltd. ठूलो भर्याङ्ग काठमाण्डौमा पौष, माघ र फागुन महिनामा पठन-पाठन गराउँदाको खर्च जनाई रु.२०१०००/- भुक्तानी दिएको छ । यस पालिकाका विद्यार्थीहरुलाई हिउँदको समायमा जाडोका कारण अन्यत्र लगेर ठन-पाठन गराउने सम्बन्धमा कुनै आधिकारिक सरकारी निर्णय रहेको देखिंदैन । भुक्तानी भौचरसाथ संलग्न कागजात परीक्षण गर्दा पालिकाले काठमाण्डौको Little Climbers English School Pvt. Ltd. नैं छनौट गर्नुपर्ने कारण सहितको आधार खुल्ने प्ररमाण पेश गरेको छैन भने विद्यालयको नाम खुलेको बिल समावेश गरेतापनि विद्यार्थीहरु सोही विद्यालयमा नैं पठनपाठन गरेका हुन भन्ने व्यहोरा खुल्ने गरी हाजिर प्रमाणित गरी राखेको छैन । विद्यार्थीको नाम सहितको हाजिर रजिष्टरको फोटोकपि मात्र समावेश गरेकोमा सोमा विद्यालयको नाम, विद्यालयको छाप तथा विद्यालयबाट

प्रमाणित हाजिर पेश गरेको छैन । कार्यालयले उक्त कार्यको पर्याप्त र भरपर्दो प्रमाण कागजात पेश नगरेका कारण पालिका भित्रका बालबालिकालाई काठमाण्डौमा लागेर पठन-पाठन कार्य गराएकै हो र बालबालिकालाई न्युनतम लागतमा गुणस्तरीय शिक्षा प्रदान गरिएको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । अत: बालबालिको पठन-पाठन कार्यक्रम जनाएर खर्च गरेको तर मित्तब्ययी र गुणस्तरीय कार्य भएको पर्याप्त आधार तथा प्रमाण नरहेको खर्च रु.२०१०००/- अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०१,००० |

२१ **कृषि तथा पशुमा अनुदान:**

कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन तयार गर्नु पर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्:

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|
| १ | प्लाष्टिक टनेल ७५ प्रतिशत अनुदान ५ वटै वडामा वितरण ढुवानी समेत | १६५९५० |
| २ | किटनाषक रोगनासक मुसामार र भिटामिन वितरण कार्यक्रम | ७७००० |
| ३ | हाइब्रिड तथा उन्नत तरकारी बिउ वितरण ५ वटै वडामा | १२७५०० |
| ४ | कृषि विकाश शाखा आवश्यक औजार उपकरण खरिद तथा ढुवानी | ६१४९९ |
| | जम्मा | ४३१९५९ |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।साथै कृषि तथा पशुका केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **आन्तरिक आय तर्फः**

२२.१ आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

**कर संकलनः**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर / मालपोत | १००००० | २३३१४ |
| २ | वहाल विटौरी कर | २५००० | २६५५० |
| ३ | अन्य कर | ५०००० | ८८५२१ |
| ४ | सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | ० | २८९५० |
| ५ | अन्य सेवा शुल्क तथा बिक्री | २५००० | ८५५०० |
| ६ | अन्य प्रशासनिक सेवा | १५०००० | ३५८३३० |
| ७ | सिफारिश दस्तुर | १२५००० | १२६७५० |
| ८ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५००० | ६०० |
| ९ | नाता प्रमाणित दस्तुर | १०००० | १००० |
| १० | अन्य दस्तुर | १०००० | १०३५६०० |
| ११ | बेरुजु | २०३००० | २८२३८८ |
| जम्मा | | ७१३००० | २०५३५०३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा २८८.५७ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन यथार्थपरक अनुमान र आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२.२ **आन्तरिक र खर्च आयको विश्लेषणः** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | २०५३५०३.१६ | ११९९३१५५३.७६ | ५८४० |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ११ करोड ९९ लाख ३१ हजार रहेको छ भने राजश्व संकलन रु. २० लाख ५३ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ५८४० प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्युन रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **राजश्व व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु.२०५३५०३/- रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरु मार्फत कर शुल्क दण्ड जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्न छापिएका रसिद काट्ने गरेको र सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको

कार्यालयले जनाएकोमा छापिएका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । यसरी रसिद नियन्त्रण खाता नराख्नाले कुन समयमा कति मात्रामा रसिद छापिएका थिए, छापिएका रसिद ठेलिहरु कति वडा कार्यालयमा पठाईएका र कति ठेलि पालिका कार्यालयमा नैं उपयोग भए सो सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले वडा कार्यालयलाई रसिद ठेली उपलब्ध गराउँदा पालिकामा कुनै लिखित रेकर्ड नराखी मागका आधारमा उपलब्ध गराउने गरेको पाईयो । केहि वडा कार्यालयहरुमा वर्षभरिमा संकलन भएको राजश्व वर्षान्तमा मात्र राजश्व खातामा दाखिला गर्ने गरेको समेत पाईयो भने वडा कार्यालयहरुमा संकलन भएको राजश्व पालिकाले माग गरि बैंक दाखिला गर्न ताकेता समेत गरेको पाईएन । पालिकाले के कति रसिद छापिएका थिए र के कति रसिद काटेर के कति राजश्व संकलन भएको हो सो सम्बन्धमा एकिन गर्नुपर्दछ । अत: कार्यालयले राजश्व संकलन गर्न छापिएका रसिद ठेलिहरुको नियन्त्रण गर्न रसिद नियन्त्रण खाता राखि प्रविष्टि गेरर मात्र वडा कार्यलालयहरुमा रसिद ठेली उपलब्ध गराउनु पर्दछ भने संकलित राजश्व समयमै बैंक दाखिला गरी राजश्व ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २४ आन्तरिक लेखापरीक्षणको व्यहोरा:

२४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । उपदफा ३ बमोजिम आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अबधिसम्म पनि सम्परीक्षण नगराएको व्यहोराहरु देहाय अनुसार छन्:

| गो. भौ. नं./मिति | वेरुजुको व्यहोरा | रकम |
|---|---|---|
| ३६/२०८०-०६-२९ (चालुतर्फ) | इन्धनको भुक्तानी गर्दा लकबुक संलग्न नभएकोले लकबुक पेशगर्नु पर्ने | १९६८० |
| ४१/२०८०-०६-२९ (चालुतर्फ) | माग फारम खरिद आदेश दाखिला पुरागरि भुक्तानी गर्नुपर्ने ब्यबस्था भएकोमा सो कागजात बेगर रु३८४००।००भुक्ता नभएको ले प्रमाण पेश गर्नुपर्ने | ३८४०० |
| | जम्मा | ५८०८० |

| प्रमाण पेश नगरेको | ५८,०८० |
|---|---|

२४.२ आन्तरिक लेखापरीक्षणबाट औंल्याएको देहाय अनुसारको वेरजु रकम रु.१२६७३७/- असुल गर्नुपर्ने देखिएको रु..

| गो भौ नं/मिति | वेरुजुको व्यहोरा | रकम |
|---|---|---|
| | चालुतर्फ | |
| ३११/२०८०-०३-२३ | मा भ्रमण बिल भुक्तानी गर्दा दुइपटक एउटै बिल भुक्तानी भएको देखिएको ले रिता शर्माबाट रु.२६०००।००असुल गर्नुपर्ने । | २६००० |
| | शसर्त चालु तर्फ | |
| १३६/२०८१-०३-२३ | मा बिद्यालयले शिक्षक तलब तथा पोषाक बापत रु.३३९०००।००माग गरेकोमा भुक्तानी रु३७८०००।००भएकोले माग भन्दाबढि रु.३९०००।००भुक्तानी भएको असुल गर्नुपर्ने | ३९००० |
| | पुँजीगत खर्चतर्फ | |
| ४९/२०८१-०३-१८ | मा ४ नवडा कार्यालय भवन ग्राउन्ड फिलिङ योजनामा करकट्टि नगरी भुक्तानी भएको देखियो अग्रीमकर रु.२९५०।०० ढुवानी कर रु १८३५।००र सासु कर रु.७४५२।००गरि जम्मारु१२२३७।०० ४ न वडा कार्यालय भवन ग्राउन्ड फिलिङ योजना उसबाट असुल हुनुपर्ने। | १२२३७ |
| ५१/२०८१-०३-१८ | क्याङ गुम्बा फिनिसिङ योजना मा करकट्टि नगरी भुक्तानी भएको देखियो । अग्रीम कर रु.२५००।०० ढुवानी कर रु.३८९०।०० र सासु कर रु.१३७१०।००गरि जम्मा रु.२०१००।००क्याङ गुम्बा फिनिसिङ योजना उस बाट असुल हुनुपर्ने। | २०१०० |
| ५२/२०८१-०३-१८ | फू सामुदायिक गुम्बा किचेन फिनिसिङ योजनामा करकट्टि नगरी भुक्तानी भएको देखियो। अग्रीमकर रु.७३०।०० ढुवानी कर रु.१८६५।०० र सासु कर रु.३१६५।००गरि जम्मा रु.५७६०।०० क्याङ गुम्बा फिनिसङ योजना उस बाट असुल हुनुपर्ने। | ५७६० |
| ५४/२०८१-०३-१८ | भ्रासाङ भिर कटिङ योजनामा कर कट्टि नगरी भुक्तानी भएको देखियो।सासु कर रु.१४०४०।०० भ्रासाङ भिर कटिङ उसबाट असुल हुनुपर्ने। | १४०४० |
| ५५/२०८१-०३-१८ | फु गेटको भिर कटिङ योजनामा कर कट्टि नगरी भुक्तानी भएको देखियो। सासुकर रु .९६००।०० फु गेटकोभिर कटिङ उसबाट असुल हुनुपर्ने। | ९६०० |
| | जम्मा | १२६७३७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२६,७३७ |

२५ **डि.पि.आर. को कार्यान्वायनको अवस्थाः**

पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका देहाय बमोजिमका २ वटा योजनाहरु हालसम्म कार्यान्वियनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम | योजना कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | Preparation of DPR for construction of samdrup Gompa | Eagles solutions Pvt.Ltd. | ३०११७० | योजना संचालनमा रकम अभाव |
| २ | २०८०/०८१ | Detailed feasibility study report of meta khola micro hydropower project. | Global Era Engineering Consultancy | ४९३८१० | योजना संचालनमा रकम अभाव |
| | | | जम्मा | ७९४९८० | |

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका २ वटा योजनाहरुमा रु.७९४९८०/- भुक्तानी भएकोमा उक्त योजनाहरु रकम अभावका कारणले हालसम्म कार्यान्वियनमा आउन नसकेको कार्यालयले जनाएको छ । त्यसैले कार्यान्वियनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परामर्श सेवा लिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **पुँजिगत तर्फः**

२६.१ (५३-२०८१-३-१८):

**कामदारको संख्या निर्धारण:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले नयाँ फू सामुदायिक गुम्वा फिनिसिङ कार्यको अन्तिम विल भुक्तानी गरेकोमा आइटम नं. ५ मा कामको परिमाण अनुसार कामदार संख्या गणना नगरि एकमुष्ट रुपमा दक्ष कामदार २५७ जना लाग्ने गरि लागत अनुमान तयार गरेर सोही बमोजिम प्रति कामदार रु. २२५५।०० का दरले रु ५७९५३५।०० भुक्तानी दिएकोमा कामदार संख्या निर्धारणको आधार नमिलेको देखियो । अतः कामदारको संख्या निर्धारणको आधार पेश गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ५,७९,५३५ |
|---|---|

२६.२ (२२-२०८०-९-३):

**नर्म्स विपरित भुक्तानीः** पालिकाले सडक निर्माण गर्ने क्रममा एक ठाउँमा खन्दा निस्कने ढुङ्गा सोही सडकको अर्को ठाउँमा पुर्ने तथा मेशिनरी कार्यमा प्रयोग हुने भएमा सडक विभागको नर्म्स अनुसार ५० प्रतिशत ढुङ्गा प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले सो विपरित योजनामा शतप्रतिशत ढुङ्गा खरिद गर्ने गरी लागत अनुमान तयार गरेर उपभोक्ता समति मार्फत निर्माण कार्य गराएको देखियो । नर्म्स विपरित भुक्तानी गर्दा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| कामको विवरण | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | | | भुक्तानी बढी भएको ढुङ्गाको रकम मात्र असुल गर्नु पर्ने | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | दर | परिमाण | भुक्तानी | दर | परिमाण | रकम |
| मेता देखि लोङ बाटो मर्मत तथा निर्माण | मेता देखि लोङ बाटो मर्मत तथा निर्माण उपभोक्ता समिति | Dry stone Masonary Work | ६७६० | ५०.४३ | ३४०९०६.७ | २००० | २५.२१ | ५०४२०।०० |

| असुल गर्नुपर्ने | ५०,४२० |
|---|---|

२६.३ (४३-२०८१-३-१५):

**जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ (३) अनुसार जिन्सी निरिक्षण प्रतिवेदनबाट आम्दानी बाँध्न छुट भएको कुनै सम्पत्ति तथा जिन्सी मालसामान रहेको देखिएमा कार्यालय प्रमुखले त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य र विवरण खुलाई आम्दानी बाँध्ने र त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको मर्मत सम्भार, संरक्षण र लिलाम बिक्री गर्नु, गराउनु पर्नेछ भन्ने ब्यवस्था भएकोमा पालिकाले जिन्सी निरिक्षण प्रतिवेदनमा स्वास्थ्यतर्फबाट खरिद गरेका देहाय अनुसारका खप्ने सामाग्रीहरु समावेश नगरेकोले जिन्सी सामाग्री सम्बन्धमा एकिन हुन सकिएन । अतः पालिकाले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु..

| सामाग्रीको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| म्याकवुक एयर एम१.एप्पल | स्टार अफिस इन्टरनेसनल | १२७२१२ |
| ल्यापटप व्याग | स्टार अफिस इन्टरनेसनल | २६४६ |
| | जम्मा | १२९८५८ |
| | मुअकर | १६८८२ |
| | कुल जम्मा | १४६७४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४६,७५० |

२६.४ **जग्गा प्राप्तिः** नार्पाभूमी गाउँपालिका जग्गा एकिकरण तथा वस्ती विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ को परिच्छेद १ (३) बमोजिम विभिन्न व्यक्ति एवं संघ सस्थाहरुको स्वामित्वमा रहेका जग्गा जग्गाधनीहरु कै सक्रिय सहभागिता एवं प्राप्त हुने लाभको अनुपातमा जग्गा योगदान दिने गरी कित्ता बनाई त्यसमा बाटोघाटो, ढल, खुल्ला ठाउँ, एवं अन्य सामुदायिक स्थलहरु जस्ता भौतिक पूर्वाधारहरुको व्यवस्था गरी चारपाटे मिलेका विकसित कित्ताहरुमा पुनःविभाजन गरी साविकका जग्गाधनीहरुलाई नै जग्गा दिने कार्य जनाई कार्यविधी अनुसार जग्गा प्राप्ति नैं नगरी ब्रान्च रोड कटिङ्ग र वाल निर्माण कार्यमा खर्च लेखेको रु.१०५६०००/- अनियमित देखिएको रु.....

| | |
|---|---|
| अनियमित भएको | १०,५६,००० |

२६.५ (१७-२०८०-७-२१):

**जिन्सी निरिक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ (१) बमोजिम कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्नेछ भन्ने व्यवस्था भएकोमा पालिकाले तपशिलका सामान जिन्सी निरिक्षण प्रतिवेदनमा नखुलेकोले सामानको मूल्य खुलाइ जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **क्र.सं.** | **सामानको नाम** | **परिमाण** | **मूल्य** |
|---|---|---|---|
| १ | Laptop Dell 17 xps 13 | १ | १७५२२१ |
| २ | Green USB Support Hub | १ | १४१५९ |
| ३ | SSD1 | १ | १४६०२ |
| | | जम्मा | २०३९८२ |
| | | मु.अ.कर | २६५१७१ |
| | | जम्मा | २३०५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०,५०० |

२६.६ (९३-२०८१-३-३):

**दक्ष कामदारः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले बुद्धपार्क निर्माण उपभोक्ता समितिलाइ बुद्धपार्क निर्माणको लागि रु १४,४०,०००।००

भुक्तानी गरेकोमा लागत अनुमान बमोजिम विभिन्न ७ प्रकारका कार्यहरुमा रकम भुक्तानी भएको देखिन्छ । अन्तिम विल भुक्तानी गर्दा आइटम नं. ४ मा कामको परिमाण अनुसार कामदार संख्या गणना नगरि एकमुष्ट दक्ष कामदार बापत ११० जनाको दैनिक १९००।०० को दरले रु.२०९०००/- भुक्तानी दिएकोमा भुक्तानी दिन मिल्ने आधार प्रमाण नदेखिएको अवस्थामा भुक्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०९,००० |

२६.७ **जम्मा लागत अनुमानः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले उपभोक्ता समिति मार्फत च्याँखुमा सामुदायिक गुम्वा निर्माण कार्यको रकम रु. १८,९६,९२९।०० भुक्तानी गरेको देखियो । आ. व. २०७९/०८० मा समेत सोही गुम्वा निर्माणमा रु. १८,१२,०८२।०० भुक्तानी गरेको देखिन्छ । गुम्बामा जम्मा लागत अनुमान कति हो र कति वर्षमा सम्पन्न गर्ने भनी नखुलेको अवस्थामा वार्षिक रुपमा रकम विनियोजन गरी भुक्तानी गरेको नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,९६,१२९ |

२७ **पुँजिगत तर्फः**

२७.१ (६/७/९-२०८१-३-२४):

**खर्चको पुष्टयाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) र ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिदा संलग्न कागजातहरु सहित रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले कृषि कार्यक्रम तर्फ देहायका विवरण अनुसार गरेका खर्चलाइ पुष्टयाईं गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| खर्चको विवरण | भुक्तानी पाउने व्यक्ति/ संस्था | रकम | कैफियत |
|---|---|---|---|
| टनेल हाउस निर्माण | महेश पाख्रिन | ३६४२५० | निर्माण सम्पन्न नदेखिएकोले निर्माण भएको र हस्तान्तरण भएको देखिएन |
| मेतामा स्याउ खेती सिंचाइ कार्यक्रमा ढुवानी खर्च | महेश पाख्रिन | ४८००० | प्रमाण पेश नभएको |
| वडा कार्यालयमा टनेल निर्माण कार्यक्रम | महेश पाख्रिन | १६६८३६ | निर्माण सम्पन्न प्रतिवेदन नभएको साथै खर्चको प्रमाण पेश नभएको |
| | जम्मा | ५७९०८६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७९,०८६ |

२७.२ **लेखा परिक्षण प्रतिवेदनः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बिल भर्पाइ संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा पालिकाले था खोला जल विधुत् आयोजना संचालनको लागि रु. ९४९७१८।०० अनुदान उपलब्ध गराएकोमा सो अनुदान प्राप्ती एवं खर्च पुष्टयाई गरेको आयोजनाको लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४९,७१८ |

२७.३ (९८-२०८१-३-२२):

**बढी भुक्तानीः** सडकको नर्म्स बमोजिम खन्ने पुर्ने कार्यमा खनेको सामान प्रयोग हुने अवस्थामा ५० प्रतिशत मात्र पुर्ने कार्यमा प्रयोग हुने सामानको भुक्तानी दिने उल्लेख भएकोमा छहरे खोला देखी मेता सम्म बाटो निर्माणको लागि Hard Rock mannually chiseling

including breaking rock बाट निस्केका ढुङ्गा मध्ये ५० प्रतिशत प्रयोग गर्नुपर्नेमा पालिकाले १९.६ घन मिटरको रु ५२९६.१३ का दरले रु १०३८०४.१७ भुक्तानी गरेको देखियो । सो मध्ये ९.८० घन मिटर ढुङ्गाको रकम रु २२३४४।०० कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा रु ४४६८८।०० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु २२३४४।०० असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,३४४ |

२८ **ठेक्का बन्दोवस्तः**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ३ | १२२४२८९६ | - | - | - | - | ३ | १२२४२८९६ | ३ | १२२४२८९६ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. १ करोड २२ लाख ४२ हजार प्रथम र दोस्रो चौमासिकमा कुनै संझौता भएको देखिएन र तेश्रो चौमासिकमा रु. १ करोड २२ लाख ४२ हजारको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन वर्षान्त नै संझौता तथा सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ यस पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **निर्माण कार्य व्यवस्थापनः**

पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम**(रु. हजारमा) | **संख्या** | **रकम**(रु. हजारमा) |
| ५७ | ३ | १२२४३ | ५४ | ६३३१६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५७ योजनामा मध्ये ठेक्का मार्फत ३ वटा योजनामा रु. १ करोड २२ लाख ४३ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५४ योजनामा रु. ६ करोड ३३ लाख १६ हजार खर्च गरेको छ । अर्थात योजनामा भएको खर्च मध्ये १६.२० प्रतिशत ठेक्का प्रक्रिया र ८३.८० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **परामर्श सेवा खरिदः**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.३८८७२०२/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ:

| क्र.सं. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | Preparation of DPR for construction of tashi Lhakhang gompa. | Barbara engineering consultancy pvt.ltd. | ५००००० | ३०३९७० | ६०.७९ | कोटेशन |
| २ | Preparation of DPR for construction of samdrup Gompa | Eagles solutions Pvt.Ltd. | ५००००० | ३०११७० | ६०.२३ | " |
| ३ | Feasibility study of primary Gateway Bridge to Narpa Bhumi rural municipality over marsyangdi river | Codenix Engineering consultancy Pvt.Ltd. | ५००००० | ४८९७१९ | ९७.९४ | " |
| ४ | Consulting services for compact rural settlement and land use plan study at ward no 04 kyang | Infrarch engineering services | १०००००० | ८४९३०८ | ८४.९३ | " |
| ५ | Detailed feasibility study report of meta khola micro hydropower project. | Global Era Engineering consultancy | ५०००००० | ४९३८१० | ९८.७६ | " |
| ६ | Consulting services to procure service for preparation of periodic plan and Mid Term Expenditure Framework | Head Light Pvt.Ltd | १५०००००० | १४४९२२५ | ९६.६२ | " |
| | जम्मा | | ४५०००००० | ३८८७२०२ | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डि.पि.आर निर्माण लगायतका कार्यमा कोटेशन विधिबाट ६ वटा सेवा खरिदका लागि जम्मा रु.४५,००,०००/- को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.३८८७२०२/- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा १३.६२ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **धरौटी खाताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ती वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरुमा धरौटी सम्बन्धी अद्याबधिक अभिलेख राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **कन्टिन्जेन्सी खर्चको अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य अन्य चालु प्रकृतिको खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।

कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको र सो रकम संचित कोसमा जम्मा रहेकोमा बिबरण बाट सो रकमको मौज्दात एकिन हुन सकेन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । पालिकाले पुँजीगत खर्चको दायरा ननाघ्नेगरी स्वीकृत क्षेत्रमा कन्टेन्जेन्सी खर्च गरेर यथार्थ हिसाव राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

३४ बेरुजु फछ्यौंट तथा सम्परीक्षण:

**(क) सम्परीक्षण :-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले पेश गरेको वेरुजुको विवरण अनुसार २०८१ सम्मको बाँकी बेरुजु रु.५६५६५००० / -मध्ये लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागी पेश गरेको छैन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस**नार्पा भूमि गाउँपालिका, मनाङ**को २०८१ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ५६५६५००० | ० | ६१०५२९९ | ० | ६२६७०२९९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नार्पा भूमि गाउँपालिका, मनाङ , नार्पा भूमि गाउँपालिका , मनाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश पाख्रिन | २०७८-१२-२८ | २०८०-५-१४ |
| कार्यालय प्रमुख | भिमकान्त भण्डारी | २०८०-५-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिल बहादुर कुमाल | २०७९-१-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १९९,५०१ | ३,३६२,१२९ | २,५४३,६६९ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ६,१०५,२९९ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०९४९५५९२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ११०७०९४७२ | चालु खर्च | ४८९६९०७६ |
| प्रदेश सरकारबाट अनुदान | ६२११६५५.० | पूँजीगत खर्च | ७०९६२४७८ |
| राजश्व बाँडफाँट | ३८६००६६८ | वित्तीय/अन्य व्यवस्था | २२२०९०६६ |
| आन्तरिक आय | २०५३५०३.० | | |
| अन्य आय | १४६९३१८.० | | |
| कुल आय | १५९०४४६१६ | कुल खर्च | १४२१४०६२० |
| बाँकी मौज्दात | | १२६३९९५८८ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| २ | उपभोक्ता समितिमार्फत खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य |
| ३ | विविध | अनुदान |
| ४ | प्रशासनिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ५ | कार्यक्रम खर्च | कृषि तथा पशुतर्फ शिक्षा तर्फ स्वास्थ्यतर्फ |
| ६ | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| ७ | ठेक्का व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ८ | DPR खर्च | खरीद व्यवस्थापन |
| ९ | कण्टिन्जेन्सी खर्च | सेवा प्रवाह |